फोन नं. ०४८-५४००७३

नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

रामेछाप

पत्र संख्याः-०८०।८१

च.नं.:- 1600

मितिः २०८०/११/२४

ने.स. ११४४ सिल्लागा,१२ बिहिबार

विषयः सूचना टाँस गरी जानकारी पठाई दिने ।

**श्री खाँडादेवी गाउँपालिकाको कार्यालय,**

**माकादुम, रामेछाप।**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०८०।११।२४ मा प्रकाशित गरिएको छुट जग्गा दर्ता सम्बन्धी ३५ दिने सार्वजनिक सूचना थान-१(एक) साथै राखी पठाइएको छ। प्राप्त भएपछि सूचना टाँस गरी जानकारी पठाइदिनु हुन अनुरोध छ।

...............................

दामोदर सुवेदी

कार्यालय प्रमुख

दामोदर सुवेदी
कार्यालय प्रमुख

बोधार्थः-

१. **श्री जिल्ला प्रशासन कार्याय, रामेछापः**- सूचना टाँस गरिदिनु हुन अनुरोध छ।

२. **श्री खाँडादेवी गा.पा. २ नं. वडा कार्यालय, मझुवाः**- सूचना थान-१(एक) यसै साथ संलग्न छ। प्राप्त भएपश्चात सूचना टाँस मुचुल्का सहित जानकारी पठाई दिनु हुन अनुरोध छ।

३. **श्री राष्ट्रिय दैनिक पत्रिकाः**- सूचना प्रकाशन गरिदिनु हुन अनुरोध छ।

श्री प्रशासकीय अधिकृत ज्यू, कार्यालयको सूचना पाटी, website मा सूचना राख्ने। [handwritten] ११/२०

खाँडादेवी गाउँपालीका
माकादुम रामेछाप
दर्ता नम्बर.....८०६
मिती २०८०/१२/२०

फोन नं. ०४८-५४००७३

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

## रामेछापबाट जारी गरिएको

---

## छुट जग्गा दर्ता गराउन सप्रमाण दावी उजुर गर्न आउने

## सूचना

रामेछाप जिल्ला खाँडादेवी गा.पा. वडा नं. २ (साविक मझुवा गा.वि.स. वडा नं. ७) बस्ने जय बहादुरको नाती हस्त बहादुरको छोरा चन्द्र बहादुर रायले मेरो आमा बाल कुमारी रायको नाममा तपसिलको जग्गा सर्भे नापी रहेको तर दर्ता हुन छुट भएकोले सो जग्गा दर्ता गरी जग्गा धनी प्रमाण पूर्जा पाउँ भनी खाँडादेवी गा.पा २ नं. वडा कार्यालयको च.नं. ३६१ मिति २०८०।११।२२ गतेको सिफारिस साथ यस कार्यालयमा मिति २०८०।११।२४ मा निवेदन पेश भएकोमा यस कार्यालयबाट छुट जग्गा दर्ता कारबाहीको सिलसिलामा तपसिलमा उल्लेख भएको जग्गा गुठी अधिनस्थ वा सरकारी वा सार्वजनिक वा पानी घट वा गौचर वा मसानघाट वा वनक्षेत्रको वा कसैको हक भोग नम्बरी जग्गा भई निवेदकहरुको नाममा दर्ता गर्न नमिल्ले भए यो सूचना टाँस भएका मितिले ३५ दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई उजुर गर्न यस कार्यालयमा आउनुहोला। उक्त म्याद भित्र उजुर वा दावी नपरेमा कानून बमोजिम भै जाने छ। पछि कसैको उजुर लाग्ने छैन भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## तपसिल

| जिल्ला | गा.वि.स | वडा नं | कित्ता नं. | | क्षेत्रफल | मोही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | साविकको | हालको | | | |
| रामेछाप | गागल | ८ख | १७० | - | ३-१५-१-० | - | |
| | | ८ख | ५१ | - | ३-९-०-१ | - | |

**पुनश्चः-** उक्त जग्गा दर्ता नामसारी समेतको लागि निवेदन पेश भएकोले निवेदक बाहेक अन्य कोही कसैको हकदावी लाग्ने भए यो सुचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र दावी उजुर गर्न आउनु होला अन्यथा कानुन बमोजिम भै जाने बेहोरा सर्वसाधारको जानकारीको लागि सुचित गरीन्छ।

ईती सम्बत् २०८० साल फागुन महिना २४ गते बिहिबार रोज शुभम्.........।